आज मिति २०८२।०२।२७ गते मंगलबार दिनको ७: ३० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री वेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०८२।०२।२७**

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं.१) नगर प्रमुख र उप प्रमुख विचमा भएको सहमति सम्बन्धमा ।

प्रस्ताव नं.२) वजेट व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.३) दिर्घरोगीको रकम व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.४) मालपोत कार्यालय,ढल्केवर,धनुषाबाट प्रशासकीय भवन निर्माण र क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्यका लागि जग्गा सिफारिस माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) महेन्द्र बहुमुखि कलेजको भवन निर्माणको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं.६) मिथिला नगरपालिकाको ओभरहेड टंकी निर्माणका लागि समिति गठनसहितको जग्गा प्राप्ति सम्बन्धमा ।

प्रस्ताव नं.७) न्यायिक समितिको इजलास व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.८) राष्ट्रिय परिचय पत्रको दर्ता स्टेशनमा कार्यरत दर्ता अपरेटर श्री मनोज कुमार गुसाको पारिश्रमिक सम्बन्धमा ।

प्रस्ताव नं.९) विविध ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा नगर प्रमुख र उप प्रमुख विचमा मिति २०८२।०२।०९ गते भएको सहमति अनुसार नै शर्त प्रतिशत कार्यान्यिवन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा वजेट व्यवस्थापनाका लागि माग भएको सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो ।

क) मिथिला नगरपालिका वडा नं ३ को अनन्द महतो घर देखि उत्तर साविक वडा न ३ मुस्लिम टोल हुदै डिहवार मन्दिरसम्मको सडक ढलानमा रकम २० लाख थप गरी आगामी नगर सभाबाट वजेट व्यवस्थपना गर्ने ।

ख) मिथिला नगरपालिका वडा नं ६ मा विन्देश्वर महतोको जग्गामा वोरिङ्ग निर्माणका लागि वजेट व्यवस्थापन गर्ने र मिथिला नगरपालिका तथा वडा कार्यालयबाट विनियोजन गरिएको वोरिङ्गहरुको लेएर टेष्ट गर्ने क्रममा भएको सम्पुर्ण वोरिङ्गहरुको प्रक्रिया पुरा गर्ने र चालु आर्थिक वर्षमा बाँकी रहेको वोरिङ्गहरुको सम्पुर्ण प्रक्रिया पुरा गरी वोरिङ्ग निर्माण गर्ने ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मिथिला नगरपालिका क्षेत्र भित्र रहेको दिर्घरोगीको रकम वितरणमा संङ्घिय सरकारबाट अपुग आएकाले करार सेवा शुल्क नगर प्रहरी सेवा सुविधा शिर्षकबाट रु.२८९५०००।०० (अक्षरुपी अठाइस लाख पन्चानव्वे हजार मात्र) खर्च लेखि पछी संङ्घिय सरकारसंग माग गरी सोधभर्ना गर्ने निर्णय पारित गरियो।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मालपोत कार्यालय,ढल्केवर,धनुषाको च.नं.१३२२ मिति २०८१/०९/०१को पत्रबाट निर्णय सहितको सिफारिस माग भएको सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो ।

(क) जिल्ला धनुषा मिथिला नगरपालिका साविक गा.वि.स ढल्केवर वडा नं ४ख कि.नं. ४११को क्षेत्रफल १५-०-८-० फिल्डवुकमा पर्ति रहेको र ऐ ऐ कि.नं.११५को क्षेत्रफल ३-०-३-० फिल्डबुकमा नदी उल्लेख भएको सो खोलको पुर्वतर्फ रहेको खाली बाँझो करिव ०-१२-०-० जग्गा मिथिला नगरपालिकाले भोग चलन गर्दै आएको आधारमा पुर्व कित्ता नं.४११, पश्चिम कित्ता १९९, सौतिनि झिज खोला, दक्षिण महेन्द्र राजमार्ग र उत्तर कि.नं.२३ यति चारकिल्ला क्षेत्र भित्रको कि.नं.११५को क्षेत्रफल ३-०-३-० जग्गा खाली बाँझो करिव क्षेत्रफल ०-१२-०-० कि.न.४११ संग प्लट मिलान हुने गरी प्रशासकीय भवन निर्माणका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को व्यवस्था बमोजिमको प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ख) जिल्ला धनुषा मिथिला नगरपालिका साबिक गा.वि.स. ढल्केवर वडा नं २क कि.नं. १६९ को क्षेत्रफल २५-१-८-० फिल्डबुकमा खोला उल्लेख भएको सो खोलको दक्षिणतर्फ रहेको खाली बाँझो करिव ४-३-०-० जग्गा मिथिला नगरपालिकाले संरक्षण गर्दै आएको आधारमा पुर्वमा उक्त जग्गाकै खोला, पश्चिम ग्राभेल सडक, दक्षिण उक्त जग्गाकै खोला र उत्तर कि.नं. ५ यति चारकिल्ला क्षेत्र भित्रको कि.नं.१६९ को क्षेत्रफल २५-१-८-० जग्गा खाली बाँझो करिव क्षेत्रफल ४-३-०-० जग्गा एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्यका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को व्यवस्था बमोजिमको प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा महेन्द्र बहुमुखि कलेजको भवन निर्माणको म्याद थप निर्माणधिन ठेक्का नं **MM/NCb/Works/01/080/081 Construction** महेन्द्र बहुमुखि कलेजको भवन निर्माण ठेक्काको म्याद मिति २०८१।०८।२१ गते थप भएकोमा मिति २०८२।०२।३१गते सम्म थप गरीएको म्यादलाई अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं. ६ मा छलफल गर्दा मिथिला नगरपालिकाको ओभरहेड टंकी निर्माणका लागि समिति गठनसहितको जग्गा प्राप्ति सम्बन्धमा उक्त आयोजनाका लागि वडा नं ६ का वडा अध्यक्ष श्री नन्द किशोर यादवज्यूको संयोजकत्वमा समितिको गठन गर्ने र सोही समितिले पेस गरेको प्रस्तावित जग्गालाई नै सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय पारित गरियो।

निर्णय नं.७) प्रस्ताव नं. ७ मा छलफल गर्दा मिथिला नगरपालिकाको न्यायिक समितिको इजलास व्यवस्थापन गर्नका लागि साविकको पशु विकास शाखामा न्यायिक समितिको इजलास व्यवस्थापन गर्ने निर्णय पारित गरियो।

निर्णय नं.८) प्रस्ताव नं. ८ मा छलफल गर्दा मिथिला नगरपालिकाको राष्ट्रिय परिचय पत्रको दर्ता स्टेशनमा कार्यरत दर्ता अपरेटर श्री मनोज कुमार गुप्ताको पारिश्रमिक सम्बन्धमा माग भएको मिति २०८१ साल असोज २४ गते देखि मिति २०८२ साल बैशाख मसान्त सम्मको निजको पारिश्रमिक करार सेवा शुल्कबाट भएको खर्चलाई अनुमोदन गरी सोही शिर्षकबाट मिति २०८२ साल अषाढ मसान्तसम्मको पारिश्रमिक करार सेवा शुल्कबाट उपलब्ध गराउने निर्णय पारित गरियो।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा विविध विषय पेश भएको सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो ।

क) १४औं नगर सभाबाट स्वीकृत योजनाहरु मिति २०८२।०३।०१ गते सम्म सम्झौता गर्ने ।

ख) नगर प्रमुख, उप प्रमुख, योजना शाखा, प्राविधिक शाखा, सरसफाई शाखा,योजना अनुगमन तथा मुल्याङ्कन शाखा तथा आर्थिक प्रशासन शाखा लगायत प्रमुख प्रशासकिय अधिकृतको सवारी साधानको इन्धनको भुक्तानी चालु आर्थिक वर्षको कन्टिजेन्सी कट्टीबाट खर्च गर्ने।

ग) सार्वजानिक नमुना विधालय वैंगाडावरले पेश गरेको SIP शिक्षा शाखाबाट सिफारिस भएको SIP स्वीकृत गर्ने ।

घ) विद्यालयहरुको आवश्यकता अनुसार सार्वजानिक खरिद ऐन, निर्देशिका एवम् नियमवाली अनुसार विद्यालयको विद्यार्थी संख्याका आधार सर्शत अनुदानहरु सम्बन्धित विद्यालयहरुलाई उपलब्ध गराउने ।